बैठक संख्याः १०५ औं

मिति २०८२/०६/३१ गते शुक्रबार बिहान ११:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री मिलन खड्का | सदस्य/का.बा.वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८४१२२८९२५ | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको १०५ औं (मिति २०८२/०६/३१) बैठकका निर्णयहरु

**निर्णय नं १:** यस नगरपालिकाको मिति २०८२/०५/१५ गते बसेको कार्यपालिकाको १०४ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो।

**निर्णय नं २:** यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को भाद्र महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:** यस नगरपालिकाका तपसिल बमोजिमका सङ्घीय तथा प्रादेशिक समपुरक तथा सशर्त कार्यक्रम/योजनाहरु कार्यान्वयनको लागि तयार भएको लागत अनुमान बमोजिम नपुग हुने रकम नगर समपुरक कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउन नगर प्रमुखबाट गरिएको निर्णय अनुमोदन गरियो।

**तपसिलः**

| क.सं. | यो.क.सं. | ठे.नं. | योजनाको नाम | संघ/प्रदेशबाट विनियोजित बजेट | नगरपालिकाबाट थप श्रोत सुनिश्चित गर्ने रकम |
|---|---|---|---|---|---|
| १ | संघीय सशर्त+समपुरक | ८२-८३/२० | नाङ्ले बजार खत्रीगाउँ पोखरीखोला सडक | ७०००००० | २८००००० |
| २ | संघीय सशर्त+समपुरक | ८२-८३/२१ | पोखरीचौर ढुड्यान नेवारटोल भन्ज्याङ सडक | ४०००००० | १६८०००० |
| ३ | संघीय सशर्त+समपुरक | ८२-८३/२२ | डाँडाथोक तामाङ वस्ती सडक | ४०००००० | ५००००० |
| ४ | संघीय सशर्त+समपुरक | ८२-८३/२६ | छाप ढकालटोल जाने वस्ती सडक | २५००००० | ९४६००० |
| ५ | संघीय समपुरक | ८२-८३/२७ | देउराली धारापानी पटाप सडक | ५२००००० | ७६७०००० |
| ६ | संघीय सशर्त+समपुरक | ८२-८३/३१ | गणेशमानसिह पार्क मार्ग | ४०००००० | १५०१००० |
| ७ | संघीय सशर्त+समपुरक | ८२-८३/३२ | वडा कार्यालय पूर्वाधार निर्माण | २५००००० | १०००००० |
| ८ | १०४-१३+समपुरक | ८२-८३/३५ | सातपाते सामुदायिक भवन (२५ र ५) | २५००००० | ५००००० |
| ९ | संघीय सशर्त+समपुरक | ८२-८३/४० | धुल्ला महादेवस्थान आशुखुशी (नाईखोला) सडक(७० र ३०) | ७०००००० | ३०००००० |
| १० | संघीय सशर्त+समपुरक | ८२-८३/४१ | मनमत्ता खोला कल्भर्ट (५००० र ४९७७) | ५०००००० | ४९७७००० |
| ११ | प्रदेश सशर्त+समपुरक | ८२-८३/४२ | काफलचौर सिंचाई कुलो निर्माण (२५ र ७५१) | २५००००० | ७५१००० |
| १२ | १०६-८१ +समपुरक | ८२-८३/४३ | फुटसल सडक (१६ र ९००) | १६००००० | ९००००० |

**निर्णय नं ४:** अर्थ मन्त्रालयको प.सं. ८२/८३ (बजेट) च.नं. ११८ मिति २०८२/०६/०७ गतेको प्राप्त निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्रको बुदाँ नं. ८(ङ) मा स्वास्थ्य वीमा शुल्क जस्ता वितरणमुखी कार्यक्रम संचालन

| | |
|---|---|
| | गर्न नपाईने भनि लेखि आएकोले यस नगरपालिकाबाट नगरबासिहरुको स्वास्थ्य वीमा शुल्कको शत प्रतिशत प्रिमियम उपलब्ध गराउदै आएकोमा आजका मितिदेखि वीमा शुल्क प्रिमियम रकम नगरपालिकाबाट उपलब्ध नगराउने निर्णय गरियो। |
| निर्णय नं ५: | मिति २०८२/०५/२९ गते नगर प्रमुखज्यूको अध्यक्षतामा वडा अध्यक्षहरुको उपस्थितिमा भएको बैठकको निर्णयका आधारमा मिति २०८२/०५/२३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा क्षति भएको साँखु प्रहरी चौकी तथा नाङ्लेभारे प्रहरी चौकीको लागि तत्काल पुनस्थापना/ पुनःनिर्माणका लागि निम्न शीर्षकमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो।<br>• भान्सा तथा खाद्यान्न सामग्रीको व्यवस्थापन<br>• कार्यालयको व्यवस्थापनको लागि फर्निचर कम्प्युटर प्रिन्टर खरिद<br>• लत्ता कपडा खरिद<br>• सवारी साधन व्यवस्थापन<br>• भवन पूर्वाधार निर्माण तथा मर्मत<br>• विजुली बत्ती व्यवस्थापन<br>• नाङ्लेभारे प्रहरी चौकीको पूर्वाधार पुनःनिर्माण |
| निर्णय नं ६: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ७: | मिति २०८२/०५/२३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा मृत्युवरण भएका आत्माहरुको चिर शान्तिको कामना गर्दै मिति २०८२/०५/२५ गते यस शंखरापुर नगरपालिकाबाट उपलब्ध गराईएको शोक विदा अनुमोदन गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | यस नगरपालिकाको भूउपयोग वर्गीकरणका लागि भएका हालसम्मका कार्यहरुको विषयमा छलफल गरी वडा तहमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न सबै वडा अध्यक्षज्यूहरुले समय व्यवस्थापन गर्ने निर्णय गरियो। |
| निर्णय नं ९: | मिति २०८२/०५/२३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा क्षति भएको नाङ्लेभारे प्रहरी चौकीको पुनःनिर्माणको लागि विपद् व्यवस्थापन कोषबाट रु दुई लाख खर्च गर्ने गरी उपभोक्ता समितिसँग भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | भू-उपयोग ऐन २०७६ को दफा १९(क) मा भएको व्यवस्था तथा मिति २०८२/०५/१५ गतेको स्थानीय भू-उपयोग परिषदको निर्णयको आधारमा यस नगरपालिकाको स्थानीय भू-उपयोग वर्गीकरण योजना २०८२ स्वीकृत गर्ने निर्णय गरियो। |

अनुसूची १

शंखरापुर नगर कार्यपालिकाको १०४ औं (मिति २०८२/०५/१५) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं २: | स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउने। | सम्पन्न |
| निर्णय नं ३: | भूउपयोग क्षेत्र वर्गीकरण। | कार्यान्वयनको चरणमा |
| निर्णय नं ४: | घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि संशोधन | सम्पन्न |
| निर्णय नं ५: | उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि संशोधन | सम्पन्न |
| निर्णय नं ६: | मेगा (MEGA) विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत<br>आ.व. २०८२/८३ को शिक्षा तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत | सम्पन्न |
| निर्णय नं ७: | विभिन्न निकायहरुबाट प्राप्त भएका परिपत्रहरुको कार्यान्वयन | सम्पन्न |
| निर्णय नं ८: | मंगला देवी सिंह पार्क निर्माण उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने | कार्यान्वयनको चरणमा |
| निर्णय नं ९: | स्वर्णिमपुर सामुदायिक सिकाई केन्द्रको भवन निर्माण | कार्यान्वयनको चरणमा |
| निर्णय नं १०: | वडा नं. १ स्थित नाङ्ले प्रहरी चौकीको कम्पाउण्ड निर्माण | कार्यान्वयनको चरणमा |
| निर्णय नं ११: | ४ नं. वडा कार्यालयको भवन निर्माण गर्नको लागि उक्त विद्युत लाईन स्थानान्तरणको खर्च भुक्तानी सम्बन्धी | कार्यान्वयनको चरणमा |
| निर्णय नं १२: | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयबाट कार्यान्वयन हुने योजना | कार्यान्वयनको चरणमा |

# अनुसूची २

# शंखरापुर नगरपालिका

## साँखु, काठमाण्डौ

## योजना अनुगमन तथा सुपरिबेक्षण समिति

## आ.ब. २०८२।८३ भाद्र महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को भाद्र महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरी २०८३ बैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

भाद्र महिनामा अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क्र.सं. | वडा | योजनाको नाम | रकम (हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | ६ | भगवती स्कूल पछाडि सडक | १६०० | |
| २ | ५ | खोरिया सडक | १००० | |
| ३ | ३ | सम्तेन छोलिङ गुम्बा | ५०० | |
| ४ | ३ | पाखिनटोल भन्ज्याङ बगरखेत सडक | १००० | |
| ५ | ३ | पाखिनटोल सोझे बि.क.खोल्सी सडक | ६०० | |
| ६ | १ | आलडाँडा बस्ती सडक | ५०० | |
| ७ | १ | १ नं. वडा भित्रका विविध खानेपानी | १६०० | |
| ८ | १ | १ नं. वडा कम्पाउन्ड तथा स्वास्थ्य चौकी रङरोगन | १७०० | |
| ९ | १ | घुम्ति ढुंगानाटोल सडक | ४०० | |
| १० | ८ | कालिका बहुउद्देश्यिय भवन निर्माण | ४२०० | |
| ११ | ८ | कालिकादेवी जाने सिँढी निर्माण | ४०० | |
| १२ | ८ | बीचटोल ढिकुरेपाटी निर्माण | २०० | |
| १३ | ८ | कार्कीगाउँ शौचालय | ४०० | |
| १४ | ४ | बहिर महादेव तीनपाने रतनटोल सडक | १५०० | |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।५।३१ | मितिः २०८२।५।३१ |